# लेखापरीक्षण बुलेटिन

महालेखा परीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष १, अंक ६, २०७४ फागुन (Year 1, Issue 6, Feb/Mar. 2018)


## संघीय संसद - प्रतिनिधि सभाका सभामुख र महालेखा परीक्षक बीच भेटघाट



संघीय संसद – प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्ण बहादुर महरा र माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु

३० फागुन, २०७४

संघीय संसद – प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्ण बहादुर महरा र माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) बीच संघीय संसद सचिवालय, सिंहदरबारमा भेटघाट सम्पन्न भयो ।

भेटका क्रममा सम्माननीय सभामुखज्यूले मुलुकमा राजनैतिक स्थायित्व मार्फत् समृद्धि र सुशासन हासिल गर्ने सरकारको लक्ष्य रहेको बताउँदै उक्त लक्ष्य प्राप्तिमा संघीय संसद र महालेखा परीक्षकको समेत महत्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो । सो अवसरमा माननीय महालेखा परीक्षकज्यूले प्रतिनिधि सभाको सभामुखमा निर्वाचित हुनु भएकोमा सम्माननीय सभामुख श्री कृष्ण बहादुर महरालाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिनु भयो ।

त्यसैगरी माननीय महालेखा परीक्षकज्यूले लेखापरीक्षण स्थिति र प्रतिवेदन कार्यान्वयन अवस्था बारे जानकारी गराउँदै सरकारी तथा सार्वजनिक निकायहरुको सेवा प्रवाह र आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणमा ध्यान दिई भ्रष्टाचारजन्य

क्रमशः पेज ५ मा

### यस भित्र ........


| क्र.सं | विषय | पेज नं |
|---|---|---|
| १ | लेखापरीक्षण सल्लाहकार समितिको दशौं बैठक सम्पन्न | ३ |
| २ | नेपाल राष्ट्र बैंकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल | ३ |
| ३ | महालेखा परीक्षक र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पदाधिकारी बीच छलफल | ४ |
| ४ | प्रदेश नं. १ र ५ का प्रदेश प्रमुखसँग छलफल | ५ |
| ५ | महालेखा परीक्षकसँग अष्ट्रेलियाका लागि नेपाली राजदुतको भेट | ६ |
| ६ | वातावरणीय लेखापरीक्षण सम्बन्धी सेमिनार सम्पन्न | ६ |
| ७ | दिगो विकास लक्ष्यको लेखापरीक्षण सम्बन्धी कार्यक्रम | ७ |
| ८ | सहभागितामूलक लेखापरीक्षण कार्याशालामा सहभागिता | ७ |
| ९ | लेखापरीक्षण सल्लाहकार समितिको पुर्नगठन | ८ |
| १० | २०७४ पौष, माघ र फागुन महिनामा भएका वैदेशिक तालिम तथा कार्यक्रममा सहभागी कर्मचारीहरु | १२ |

**संरक्षक**

माननीय महालेखा परीक्षक

श्री टंकमणि शर्मा (दंगाल)

**सल्लाहकार**

उप-महालेखा परीक्षक

श्री इश्वर नेपाल

**सम्पादक मण्डल**

संयोजक

श्री उद्धवचन्द्र श्रेष्ठ

सदस्य

श्री महेश पौड्याल

श्री श्यामप्रसाद भण्डारी

श्री दिपक आचार्य

श्री शंकरबाबु आचार्य

श्री नीलम साह

**प्रकाशक**

महालेखा परीक्षकको कार्यालय

बबरमहल, काठमाडौं ।

फोन नं. ०१-४२६६०३४

फ्याक्स नं. ०१-४२६८३०९

E-mail: oagnep@ntc.net.np

info@oag.gov.np

Website: oagnep.gov.np

## सम्पादकीय................

नेपालको संविधानमा तोकिएका निकाय तथा कार्यालयहरुको निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ।

सरकारी कार्यालयहरुको सेवा प्रवाह तथा कार्यक्रम संचालन गर्दा प्रचलित कानून अनुसार मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता ल्याउने ढंगले सेवा प्रवाह तथा कार्यक्रम संचालन भए नभएको सम्बन्धमा गरिने जाँच, परीक्षण, मूल्यांकन र प्रतिवेदन पद्दति नै कार्यमूलक लेखापरीक्षण हो । यसले सार्वजनिक स्रोतको अधिकतम् सदुपयोगसँग सरोकार राख्दछ ।

सरकारी/सार्वजनिक निकायहरु तथा आयोजना/कार्यक्रमहरुबाट सम्पादित विकास निर्माण, कार्यक्रम संचालन एवं सार्वजनिक सेवा प्रवाह लगायतका विषयहरुमा मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको जाँच र मूल्यांकन गर्दै सुधारका लागि सुझाव प्रदान गरी सरकारी निकायहरुको सेवा प्रवाह, क्षमता अभिवृद्धि एवं सार्वजनिक जवाफदेहिता प्रबर्द्धनमा सहयोग पुऱ्याउनु यसको उद्देश्य रहेको छ ।

आन्तरिक जाँच र नियन्त्रण प्रणाली प्रभावकारी भएका देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरुले वित्तीय लेखापरीक्षणबाट कार्यमूलक लेखापरीक्षण तर्फ आफ्नो ध्यान केन्द्रीत गर्दै गईरहेका छन् । महालेखा परीक्षकको कार्यालयले यसका समग्र पक्षहरु विषय छनौट, सर्वेक्षण, योजना तयारी, कार्यान्वयन, प्रतिवेदन तथा अनुगमन लगायतका कार्यहरु व्यवस्थित गर्नका लागि कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ समेत लागु गरेको छ । यद्यपी कार्यमूलक लेखापरीक्षणका लागि विषय छनौट, कार्यान्वयन र प्रतिवेदन प्रणालीलाई सुधार गरी अपेक्षा अनुरुप नतिजामुखी बनाउन ध्यान दिनु पदर्छ ।

त्यसैले यसलाई व्यवस्थित, अनुसन्धानमूलक, उद्देश्यमूलक र नतिजामूलक बनाउने तर्फ ध्यान दिनुपर्ने देखिएको छ । जसका लागि पर्याप्त र दक्ष जनशक्ति तयार र परिचालन गर्ने आवश्यक योजना सहित कार्यमूलक लेखापरीक्षण सँग सम्बन्धित विषयमा थप छलफल र गृहकार्य हुन जरुरी देखिएको छ । जसबाट सार्वजनिक निकायहरुको सेवा प्रवाहमा सुधार हुने तथा सार्वजनिक स्रोतको अधिकतम् उपयोग हुने स्थितिको सिर्जना भई महालेखा परीक्षकको ६ वर्षे कार्य योजनाले लिएका लक्ष्यहरु हासिल गर्न सहयोगी भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ ।

२०७४ पौष र माघ महिनामा बुलेटिन प्रकाशित हुन नसकेकाले सो महिनाको कार्यालय गतिविधिहरु समेत यसै अंकमा समावेश गरिएको छ ।

## माननीय महालेखा परीक्षकज्यूको सन्देश



विभिन्न चरणका निर्वाचन सम्पन्न भए पश्चात् नेपालको संविधान बमोजिमको संघ, प्रदेश र स्थानीय तहको संरचना पुरा भई कार्य संचालनको थालनी भएसंगै राजनीतिक संक्रमणकाल अन्त भएको छ । अब हाम्रो ध्यान मुलुकी प्रशासनमा सुधार गर्दै, सुशासन कायम गरी गुणस्तरीय सार्वजनिक सेवा प्रवाह, द्रुतगतिमा आर्थिक विकास र समृद्धि तर्फ केन्द्रित हुनु पर्दछ ।

नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरुको लेखापरीक्षण गर्ने गरी महालेखापरीक्षकको जिम्मेवारी तोकिए बमोजिम हाल आर्थिक बर्ष २०७३।७४ को लेखापरीक्षण सम्पन्न भएको छ । यस वर्ष स्थानीय तह समेत गरी करीब पाँच हजार पाँच सय निकायहरुको लेखापरीक्षण गरिएको छ । संघ, प्रदेश र स्थानीय तहको विभिन्न चरणका निर्वाचन सँग लेखापरीक्षण कार्यतालिका जुध्न गएको कठीन परिस्थितिमा समेत सार्वजनिक निकायका पदाधिकारीहरुको सहयोग र यस कार्यालयका कर्मचारीहरुको अनवरत खटाई र मेहनतमा चरणबद्ध योजना अनुसार सबै निकायको लेखापरीक्षण सम्पन्न भएको छ ।

यस पटकको लेखापरीक्षण श्रावण महिना देखि नै थालनी गरी करीब आठ महिनाको अनवरत प्रयास पश्चात् सम्पन्न भएको छ । अब हामी सम्माननीय राष्ट्रपतिज्यू समक्ष बार्षिक प्रतिवेदन पेश गर्ने तयारीको चरणमा छौ । यस अवधीमा लेखापरीक्षण कार्यमा सहयोग पुऱ्याउने सबै सार्वजनिक निकायका पदाधिकारीहरु, संघ संस्था तथा लेखापरीक्षण कार्य सम्पन्न गर्ने यस कार्यालयका कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस पटकको लेखापरीक्षणका क्रममा नियमितताको अतिरिक्त योजना छनौट, बजेट निर्माण र कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक सेवाप्रवाह, विकास निर्माण तथा तीनको अनुगमन तथा सुपरिवेक्षणको स्थिति, प्रतिवेदन प्रणाली जस्ता सार्वजनिक वित्त व्यवस्थापनका विविध विषयमा ध्यान केन्द्रीत गरिएको छ । नेपालको संविधानमा तोकिए बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा वित्तीय तथा कार्यमूलक लेखापरीक्षणका तरिका अपनाइएको छ । जसको एकिकृत नतिजाको प्रतिवेदन यहि चैत्र मसान्त भित्र सार्वजनिक हुनेछ ।

लेखापरीक्षण नतिजालाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि लेखापरीक्षणको प्रकृयात्मक व्यवस्थापनमा विशेष ध्यान दिई तहगत सुपरिवेक्षण तथा अनुगमनको व्यवस्था मिलाइएको थियो । निर्देशक तहका कर्मचारीको नेतृत्वमा लेखापरीक्षण टोलीहरु खटाइएका थिए भने नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षकको नेतृत्वमा अनुगमन तथा गुणस्तर आश्वस्तता टोलीहरु खटाइएका थिए आवश्यकता अनुसार विशेषज्ञ सेवा समेत लिइएको थियो ।

त्यसै गरी राष्ट्रिय गौरवका आयोजनाहरु र बढी जोखिम रहेका क्षेत्रहरुको परीक्षण तथा विकास आयोजना, सेवा प्रवाहको स्थलगत अवलोकनको गरिएको थियो । त्यसैगरी प्रतिवेदन तयारीका चरणमा समेत आन्तरिक नियन्त्रण र

क्रमशः पेज ८ मा

# लेखापरीक्षण सल्लाहकार समितिको दशौं बैठक सम्पन्न

९ फागुन, २०७४

माननीय महालेखा परीक्षकको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको दशौं बैठक सम्पन्न भएको छ । उक्त बैठकमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, स्थानीय तहको लेखापरीक्षण, लेखापरीक्षणको प्रभाव वृद्धि लगायतका विषयमा छलफल भयो ।

छलफलको क्रममा सल्लाहकार समितिका सदस्यहरुले सार्वजनिक वित्त प्रशासन कमजोर रहेको, आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण प्रभावकारी बन्न नसकेको, आर्थिक वर्षको अन्तमा बढी खर्च गर्ने प्रवृत्ति देखिएको, सार्वजनिक खर्च प्रभावकारी नभएको, नीति निर्माणमा स्वार्थ बाझिने व्यवहार रहेको जस्ता समस्याहरु औंल्याउनु भयो । यसै परिप्रेच्छमा समितिका सदस्यहरुले देशको संघीय ढाँचा अनुरुप महालेखा परीक्षकको कार्यालयको संगठनात्मक संरचना तयार गरी कार्यप्रणालीमा परिवर्तन गर्नुपर्ने, लेखापरीक्षण ऐन, कानूनको परिमार्जन गरी लेखापरीक्षणको गुणस्तरमा अभिवृद्धि गर्ने तथा सार्वजनिक कोषको उपयोगको अवस्थालाई आम नागरिकमा सु-सुचित गराउन आवश्यक व्यवस्था गर्नुपर्ने विषयहरुमा सुझाव दिनुभयो ।

त्यसैगरी सरकारका निकायहरुसँग समन्वय गरी वित्तीय प्रशासन तथा आर्थिक अनुशासन कायम गर्न उपयुक्त विधि अवलम्वन गर्नुपर्ने, स्थानीय तहलाई सुरुवातको चरण देखि नै कडा रुपमा नियमन गर्नुपर्ने, लेखापरीक्षण जनशक्तिको कार्यसम्पादनमा थप विज्ञता ल्याउन क्षमता विकासमा ध्यान



माननीय महालेखा परीक्षक सहित समितिका पदाधिकारीहरु

दिनुपर्ने, आन्तरिक वित्तीय प्रणालीलाई सुदृढ बनाउनु पर्ने, अन्य समकक्षीसँग सिकेर सरकारको कार्यसम्पादनमा सुधार गर्न सरकारको वित्तीय सल्लाहकारको रुपमा कार्यालयले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने विषयमा समेत उहाँहरुले जोड दिनु भएको थियो ।

सो अवसरमा माननीय महालेखा परीक्षकज्यूले सल्लाहकार समितिबाट प्रस्तुत सुझाव मार्गदर्शनको रुपमा रहेको बताउदै देशको शासकिय संरचना अनुरुप समयानुकुल गुणस्तरीय लेखापरीक्षण सेवा प्रवाह गर्न कार्यालय प्रतिवद्ध रहेको बताउनु भयो ।

# नेपाल राष्ट्र बैंकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल

१४ फागुन, २०७४

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, दंगालको समुपस्थितिमा नेपाल राष्ट्र बैंकको आर्थिक बर्ष २०७३/७४ को लेखापरीक्षणको प्रतिवेदन उपर छलफल भयो। छलफलमा नेपाल राष्ट्र बैंकका गर्भनर डा. श्री चिरञ्जिवी नेपाल, डेपुटी गर्भनर श्री चिन्तामणि सिवाकोटी, नेपाल राष्ट्र बैंकको लेखापरीक्षण टोली तथा अन्य पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

छलफलका क्रममा माननीय महालेखापरीक्षकज्यूले नेपाल राष्ट्र बैंक मुलुकको महत्वपूर्ण सार्वजनिक संस्था भएकाले यसको आन्तरिक सुशासन र नियमनकारी क्षमताको सुदृढीकरणमा जोड दिनुभयो । त्यसैगरी हाल नियामक निकायको क्षेत्राधिकार बाहिर रहेका नागरिक लगानी कोष, कर्मचारी संचय कोष, सामाजिक सुरक्षा कोष तथा सहकारी संस्थामा रहेका जोखिम र त्यसले भविष्यमा पार्न सक्ने असरका सम्बन्धमा चासो राख्दै त्यस्ता निकायका क्रियाकलापलाई नियमन गर्न उपयुक्त कानूनी व्यवस्थाको खाँचो औंल्याउनु भयो ।

कार्यक्रममा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोराहरुका सम्बन्धमा जवाफ दिदैं गर्भनर डा. नेपालले समग्र वित्तीय क्षेत्रको सुधारका लागि नेपाल राष्ट्र बैंक प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । सो क्रममा उहाँले बैंकमा रहेको सम्पत्तिको उचित व्यवस्थापन गर्ने, लगानी व्यवस्थापनबाट अधिकतम् आर्थिक लाभ प्राप्त गर्ने, नेपाल वित्तीय प्रतिवेदनमान लागू गरी बैंक तथा वित्तीय संस्थाहरुमा पारदर्शिता र संस्थागत सुशासन कायम गर्ने उल्लेख गर्दै हाल कागजी मुद्रा छपाईमा देखिएका समस्या लगायतका विषयमा आफ्नो विचार राख्नु भएको थियो ।



माननीय महालेखा परीक्षक र नेपाल राष्ट्र बैंकका गभर्नर सहितका पदाधिकारीहरु

# महालेखा परीक्षक र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पदाधिकारी बीच छलफल

२८ माघ, २०७४

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री कृष्णप्रसाद देवकोटा सहितको टोली बीच महालेखा परीक्षकको कार्यालय, बबरमहलमा छलफल भयो ।

उक्त छलफलमा पर्यटन विभाग, पुरातत्व विभाग, नेपाल पर्यटन बोर्ड, पशुपति क्षेत्र विकास कोष, नारायणहिटी दरबार संग्रहालय, राष्ट्रिय कला संग्रहालय, पाटन दरबार संग्रहालय तथा स्मारक संरक्षण कार्यालयका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा मन्त्रालय अन्तर्गतका निकायहरुबाट भैरहेको भूकम्प पछिको पुनः निर्माणको स्थिति मूल्याङ्कन गर्दै लेखापरीक्षणबाट देखिएका व्यहोरा तथा वक्यौता लेखापरीक्षणसँग सम्बन्धित समसामयिक विषयहरुमा छलफल भएको थियो ।

छलफलका क्रममा माननीय महालेखा परीक्षकज्यूले नेपाल पर्यटन बोर्ड र पशुपति क्षेत्र विकास कोषले पटक पटकको प्रयासका बाबजुद पनि विगतका आर्थिक बर्षहरुको लेखापरीक्षण नगराएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन तालुक निकायको ध्यानाकृष्ट गराउनु भयो । साथै उहाँले नारायणहिटी दरबार संग्राहलय लगायत अन्य निकायहरुमा रहेका साँस्कृतिक तथा पुरातात्विक महत्वका वस्तु र सम्पदाहरुको एकीकृत विवरण तयार गरी लगत अध्यावधिक गर्ने र त्यस्ता वस्तु तथा सम्पदाको संरक्षण गर्न संघ, प्रदेश तथा स्थानीय तहको स्पष्ट भूमिका सहितको कार्य योजना बनाई सोको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री कृष्णप्रसाद देवकोटाले वक्यौता लेखापरीक्षण सम्पन्न गर्न तथा पुनः निर्माणको कार्यलाई प्रभावकारी बनाउन मन्त्रालयले समन्वयात्मक भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो भने अन्य सम्बन्धित निकायका पदाधिकाहरुले भुकम्प पछिको पुनः निर्माण अवस्था, साँस्कृतिक तथा पुरातात्विक महत्वका वस्तु र सम्पदाको संरक्षणका विषयमा आ-आफ्नो विचार राख्नु भएको थियो ।



कार्यक्रममा सहभागी माननीय महालेखा परीक्षकज्यू र अन्य सहभागीहरु

# संवैधानिक निकायका पदाधिकारीहरूको बैठक सम्पन्न

२५ माघ, २०७४

महालेखा परीक्षकको कार्यालयको आयोजनामा नेपालका सवैधानिक निकायका पदाधिकारीहरुको नियमित बैठक महालेखा परीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भयो । उक्त बैठकमा माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल), अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यात, लोक सेवा आयो गका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनाली, निर्वाचन आयोगका माननीय प्रमुख आयुक्त डा. श्री अयोधीप्रसाद यादव लगायत अन्य संवैधानिक निकायका सदस्यहरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा मुलुकका संवैधानिक निकायहरुको कार्य सम्पादन स्थिति, अनुभव आदान प्रदान तथा आपसी सहकार्यको विषयमा छलफल भएको थियो । यसै बीच मिति २०७४/११/०१ बाट अवकास हुन लाग्नु भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यातलाई स्वास्थ, सुखद र क्रियाशिल अवकाश जीवनको कामना सहित बिदाई गरिएको थियो ।


बैठकमा सहभागी माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) सहित संवैधानिक निकायका पदाधिकारीहरु

# प्रदेश नं. १ का प्रदेश प्रमुखसँग छलफल

२१ माघ, २०७४

प्रदेश नं. १ का माननीय प्रदेश प्रमुख प्रा. डा. गोविन्द बहादुर तुम्बाहाङ्गसँग कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल सहितको टोलीले छलफल गरेको छ । सो अवसरमा प्रदेश प्रमुखको कार्यालयका सचिव श्री रामकृष्ण गुरागाँई तथा कार्यालयका नायव-महालेखापरीक्षक श्री विन्दु विष्ट सहितका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

छलफलका क्रममा लेखापरीक्षण सम्बन्धी संवैधानिक व्यवस्था, लेखापरीक्षणको उद्देश्य, बेरुजू फछ्यौंट प्रकृया, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण सम्बन्धमा छलफल भएको थियो । त्यसैगरी प्रदेश स्तरमा महालेखा परीक्षकको कार्यालयको स्थापना, प्रदेश स्तरको लेखापरीक्षण प्रतिवेदन र यस मार्फत् संसदीय निगरानीको विषयमा समेत कुराकानी भएको थियो ।

सो अवसरमा प्रदेश प्रमुख तुम्बाहाङ्गले मुलुकमा वित्तीय अनुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयको भूमिकाको चर्चा गर्दै बेरुजु सिर्जना गर्ने तथा जिम्मेवारी पालनामा ध्यान नदिने पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउने वातावरण बनाउनु पर्ने कुरामा जोड दिनुभएको थियो ।



छलफलमा सहभागी माननीय प्रदेश प्रमुख प्रा. डा. गोविन्द बहादुर तुम्बाहाङ्ग तथा उप-महालेखा परीक्षक श्री रामुप्रसाद डोटेल सहितका पदाधिकारीहरु

# प्रदेश नं. ५ का प्रदेश प्रमुखसँग छलफल

२६ माघ, २०७४

प्रदेश नं. ५ का माननीय प्रदेश प्रमुख श्री उमाकान्त झासँग कार्यालयका उप-महालेखापरीक्षक श्री बाबुराम गौतम सहितको टोलीले शिष्टाचार भेट गरेको छ । उक्त भेटमा प्रदेशका प्रमुख सचिव श्री सनत दवाडी, नायव- महालेखापरीक्षक श्री विवेकानन्द घिमिरे लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा उप-महालेखापरीक्षक श्री बाबुराम गौतमले माननीय प्रदेश प्रमुखज्यूलाई ५ नं. प्रदेश स्थित जिल्लाहरुको लेखापरीक्षण स्थिति र प्रगति बारे अवगत गराउँदै आगामी वर्ष देखि प्रदेश प्रमुख समक्ष सम्बन्धित प्रदेशको आर्थिक कारोबारको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरिने व्यहोरा जानकारी गराउनु भयो ।

उक्त छलफलमामा प्रदेश प्रमुख झाले समग्र आर्थिक प्रशासनको जवाफदेहिता र पारदर्शिताका बारेमा लेखापरीक्षणको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै मुलुक भर्खर संघीयतामा प्रवेश गरेको घडिमा सबैले मिलेर यसलाई बलियो बनाउनुपर्ने कुरामा जोड दिनुभयो। त्यसैगरी लेखापरीक्षकले स्थानीय तहका समस्या र व्यवहारिक अप्ठ्याराहरुलाई समेत बुझ्न अनुरोध गर्नु भयो ।



छलफलमा सहभागी माननीय प्रदेश प्रमुख श्री उमाकान्त झा तथा उप-महालेखा परीक्षक श्री बाबुराम गौतम सहितका पदाधिकारीहरु

**संघीय संसद प्रतिनिधि सभाका सभामुख ............................**

क्रियाकलापहरुमा नियन्त्रण गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो । साथै संघीय संसदलाई बार्षिक प्रतिवेदन मार्फत् देशको समग्र आर्थिक प्रशासन र सेवा प्रवाह बारे जानकारी गराई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# महालेखा परीक्षकसँग अष्ट्रेलियाका लागि नेपाली राजदुतको भेट

१० माघ, २०७४

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) ज्यूसँग अष्ट्रेलियाका लागि नेपाली महामहिम राजदुत श्री लक्की शेर्पाले महालेखा परीक्षकको कार्यालय, बबरमहल काठमाडौंमा भेटवार्ता गर्नुभयो। उक्त भेटमा उप-महालेखापरीक्षक श्री ईश्वर नेपाल र अष्ट्रेलियाका लागि नेपाली दुतावासको लेखापरीक्षण टोलीको समेत उपस्थिति रहेको थियो।

सो क्रममा राजदुतावासको आर्थिक बर्ष २०७३।७४ को लेखापरीक्षणबाट देखिएका व्यहोराहरु उपर छलफल भएको थियो । छलफल पश्चात् माननीय महालेखा परीक्षकज्यूले लेखापरीक्षणबाट औल्याईएका विषयहरु उपर ध्यानाकृष्ट गराउदैं आर्थिक कुटनीतिका क्षेत्रमा दुतावासले क्रियाशिलता बढाउनु पर्नेमा जोड दिनु भयो । सो क्रममा राजदुत शेर्पाले लेखापरीक्षणबाट औंल्याएका विषयहरु सकारात्मक भएको र यसबाट दुतावासको आर्थिक प्रशासन सुधारमा योगदान पुग्ने बताउनु भयो ।

# लेखापरीक्षण नगराउने पदाधिकारी उपर कारबाहीको सिफारिस

नेपालको संविधानको धारा २४१ को उपधारा (५)१ मा उल्लेख भएका कार्यालयहरु तथा संघीय कानूनले तोकेका अन्य निकायहरुको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था छ । त्यसैगरी सोही धाराको उपधारा (२) मा पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थामा लेखापरीक्षक नियुक्ती गर्दा महालेखा परीक्षकको परामर्श लिनुपर्ने र लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्त सम्बन्धमा निर्देशन दिन सक्ने संवैधानिक व्यवस्था छ ।

महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण क्षेत्राधिकार भित्र रहेका र लामो समयदेखि लेखापरीक्षण नगराएका विभिन्न निकायका जिम्मेवार पदाधिकारीलाई पटक-पटक ध्यानाकर्षण गराउदाँ समेत लेखापरीक्षण कार्यमा उदासिनता देखाउने त्रिभुवन विश्वविद्यालय अन्तर्गत ९३ निकाय, नेपाल खाद्य संस्थान, नेपाल खानेपानी संस्थान, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थान र राष्ट्रिय बिमा कम्पनी लि.का जिम्मेवार पदाधिकारीलाई प्रचलित कानून अनुसार कारबाही गरी ७ दिन भित्र जानकारी गराउन सम्बन्धित तालुक मन्त्रालयमा पत्राचार गरिएको छ ।

# वातावरणीय लेखापरीक्षण सम्बन्धी सेमिनार सम्पन्न

एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (ASOSAI) को सातौं वातावरणीय लेखापरीक्षण सेमिनार तथा कार्य समूहको छैठौं बैठक २०१८ जनवरी २९ देखि ३१ सम्म थाईल्याण्डमा सम्पन्न भयो । विभिन्न २३ देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरुका प्रतिनिधिहरु सहभागी उक्त कार्यक्रममा कार्यालयका तर्फबाट उप-महालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिना र निर्देशक श्री ताराप्रसाद घिमिर सहभागी हुनु भएको थियो ।

कार्यक्रममा नेपालका तर्फबाट उप-महालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिनाले काठमाण्डौं महानगरपालिकाको फोहर व्यवस्थापन सम्बन्धमा सन् २०१४/१५ मा भएको वातावरणीय लेखापरीक्षण प्रतिवेदनका मूख्य व्यहोराहरु प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी अन्य देशका प्रतिनिधिहरुले सर्वोच्च लेखापरीक्षण संस्थाको तर्फबाट आ-आफ्नो देशमा वातावरणीय लेखापरीक्षण सम्बन्धमा भए गरेका असल बारे विभिन्न कार्यपत्रहरु पेश गरेका थिए ।

कार्यक्रममा सन् २०२० मा सञ्चालन हुने ASOSAI को आगामी वातावरणीय लेखापरीक्षण सेमिनार तथा कार्य समूहको सातौं बैठक रोयल अडिट अथोरीटी अफ भुटानले आयोजना गर्ने निर्णय गरिएको छ ।



वातावरणीय लेखापरीक्षण सम्बन्धी सेमिनारमा सहभागी नेपाल सहित अन्य देशका प्रतिनिधिहरु

# दीगो विकास लक्ष्यको लेखापरीक्षण सम्बन्धी कार्यक्रम

एशीयाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन द्वारा २०१७ डिसेम्बर १० देखि १४ सम्म कुवेतको राजधानी कुवेत सिटीमा आयोजना गरेको Improvement and Innovation of Audit Process - including Audit on Preparedness for Implementation of Sustainable Development Goals (SDGs) विषयक कार्यक्रम सम्पन्न भयो । विभिन्न ३२ देशका सर्वोच्च लेखापरीक्षण संस्थाको सहभागिता रहेको उक्त कार्यक्रममा कार्यालयका तर्फबाट नायव महालेखापरीक्षक श्री पदमराज पौडेलले सहभागीता जनाउनु भएको थियो ।

दीगो विकास लक्ष्यको लेखापरीक्षण तयारी अवस्था, प्रतिवेदन तथा अनुगमन सम्बन्धी विविध विषयमा छलफल भएको उक्त कार्यक्रममा नायव महालेखापरीक्षक पौडेलले नेपालले गरेको तयारी बारे प्रकाश पार्नु भएको थियो ।

सो अवसरमा सन् २०३० भित्र गरिबी निवारण, भोकमरीको अन्त्य, शिक्षा, स्वास्थ्य लगायत दीगो विकासका विभिन्न १७ लक्ष्यहरुको कार्यान्वयन सम्बन्धमा सर्वोच्च लेखापरीक्षण संस्थाले लेखापरीक्षण गरी प्रतिवेदन गर्ने सामुहिक प्रतिबद्धता समेत व्यक्त गरिएको छ ।



कार्यक्रममा सहभागी विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरु

# सहभागितामूलक लेखापरीक्षण कार्यशालामा सहभागिता

इन्टोसाई डेभलप्मेन्ट इनिसियटिभ्स्ले २०१७ नोभेम्वर २६ देखि डिसेम्बर ८ सम्म कम्बोडियाको राजधानी नोमपेन्हमा संचालन गरेको IDI Capacity Development Programe on SAIs Engaging with Stakeholders Strategic Development Workshop मा कार्यालयको तर्फबाट नायव महालेखा परीक्षक सुवर्णप्रसाद ढकाल र निर्देशक रमेश बाबु के.सी. सहभागी हुनुभयो । कम्बोडियाको सर्वोच्च लेखापरीक्षण संस्था नेशनल अडिट अथोरिटीका Deputy Auditor General Dr.H.E.Ouk Saravudh ले उद्घाटन गरेको उक्त कार्यक्रममा एसिया तथा प्यासिफिक क्षेत्रका विभिन्न १६ देशका सर्वोच्च लेखापरीक्षण संस्था तथा स्वतन्त्र परामर्शदाताहरु गरी ३३ जनाको सहभागीता रहेको थियो ।

कार्यक्रममा सहभागिहरुले आ-आफ्नो देशको कार्यानुभव आदान प्रदान गर्नुका साथै लेखापरीक्षणमा सरोकारवालाहरु (Media, Legislature, Executive, CSO's/Citizen, Donner,Internal Stakeholders, Professional Groups etc.) को पहिचान, सहभागीता र कार्यगत सम्बन्ध तथा तिनीहरुबाट सर्वोच्च लेखापरीक्षण संस्थाले गरेका अपेक्षा र भविष्यमा आउन सक्ने चुनौतीहरु बारे प्रकाश पार्नु भएको थियो ।





सहभागितामुलक लेखापरीक्षण कार्यक्रममा सहभागी नेपाल सहित अन्य देशका प्रतिनिधिहरु

# नेपाल वित्तीय प्रतिवेदनमान र सार्वजनिक क्षेत्र लेखामानको विषयमा छलफल

३ माघ, २०७४

नेपालका संगठित संस्थाहरुले नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards – NFRS) र सरकारी कार्यालय, विभाग तथा मन्त्रालयहरुले नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards (NPSAS) Cash Based) लागू गर्ने निर्णय भई सकेको भए तापनि हालसम्म पूर्ण रुपमा लागू हुन सकेको छैन् । सार्वजनिक निकाय तथा सरकारी निकायहरुको काम कारबाही पारदर्शी र जवाफदेही बनाउन उक्त प्रतिवेदनमान एवं लेखामानलाई प्रभावकारी रुपमा लागू गर्ने सम्बन्धमा महालेखा परीक्षकको कार्यालय बबरमहलमा छलफल सम्पन्न भयो । उक्त छलफलमा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल लेखामान बोर्ड तथा नेपाल लेखापरीक्षणमान बोर्ड लगायत १२ नियामक संस्थाहरुका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा नेपाल वित्तीय प्रतिवेदनमान तथा नेपाल सार्वजनिक क्षेत्र लेखामान लागू गर्ने सन्दर्भमा देखा परेका समस्या र आगामी दिनमा गर्नुपर्ने सुधार बारे छलफल भएका थियो । र्कायक्रममा उपस्थित नियमनकारी निकायका पदाधिकारीहरुले आ-आफ्नो क्षेत्रबाट गर्नुपर्ने जिम्मेवारी निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । सो अवसरमा माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) ज्यूले सार्वजनिक निकाय तथा सरकारी निकायहरुले आफ्नो काम कारबाहीलाई जवाफेही र पारदर्शी बनाउन वित्तीय प्रतिवदनमानहरुको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै सोको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबै पक्षले जिम्मेवारीपूर्वक भूमिका खेल्न निर्देशन दिनुभयो ।

# लेखापरीक्षण सल्लाहकार समितिको पुर्नगठन

२६ पौष, २०७४

महालेखा परीक्षकको कार्यालयले आफ्नो काम कारबाहीहरुलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन तथा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले स्वतन्त्र राय सुझाव लिन गठित लेखापरीक्षण सल्लाहकार समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी पुर्नगठन गरिएको छ ।

| क्र.सं. | पदाधिकारीहरुको नाम | पद |
|---|---|---|
| १ | माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) | अध्यक्ष |
| २ | पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, डा. पृथ्वीराज लिगल | सदस्य |
| ३ | पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, श्री दिपेन्द्रबहादुर क्षेत्री | सदस्य |
| ४ | पूर्व प्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, श्री सूर्यनाथ उपाध्याय | सदस्य |
| ५ | पूर्व महालेखा परीक्षक, श्री विष्णुबहादुर के.सी. | सदस्य |
| ६ | पूर्व मूख्य सचिव, डा. विमल कोइराला | सदस्य |
| ७ | पूर्व मूख्य सचिव, श्री दामोदरप्रसाद गौतम | सदस्य |
| ८ | पूर्व सचिव, श्री भरतबहादुर थापा | सदस्य |
| ९ | पूर्व सचिव, श्री माधव प्रसाद घिमिरे | सदस्य |
| १० | लेखापरीक्षणविद्, श्री रामबाबु नेपाल | सदस्य |
| ११ | वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट, श्री कौशलेन्द्र कुमार सिंह | सदस्य |
| १२ | संस्कृतिविद् डा. बासुदेव कृष्ण शास्त्री | सदस्य |
| १३ | नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको प्रतिनिधि, श्री प्रकाश जंग थापा | सदस्य |
| १४ | उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल | सदस्य सचिव |

माननीय महालेखा परीक्षकज्यूको ............

गुणस्तर आश्वस्तताको पर्याप्त व्यवस्था मिलाइएको छ । कतिपय सार्वजनिक संस्थान, विकास समिति, कोष, परिषद् र बोर्डहरुको विगतलामो अवधिको बक्यौता लेखापरीक्षण पनि सम्पन्न भएको छ । तर कतिपय निकायहरुमा पटक पटक तरताकेता गर्दा पनि हालसम्म लेखा श्रेस्ता पेश नभएको कारणले लेखापरीक्षण सम्पन्न हुन नसकेको अवस्था छ ।

त्यस्तै वर्तमान संविधानको व्यवस्था अनुसार स्थानीय निकाय र स्थानीय तहको लेखापरीक्षण यसैपटक देखि गरिएकोले केही जटिलता देखिए । स्थानीय तहको लोखापरीक्षणका लागि मूलतः जनशक्ति अभाव भएकोमा निजी क्षेत्रका लेखापरीक्षकहरु सहायकको रुपमा नियुक्ती गरी परिचालन गरिएको थियो । लेखापरीक्षणको नतिजाको सफलता प्रतिवेदनका विषयले सम्वद्ध निकायहरुमा पार्ने असर, प्रभाव तथा सार्वजनिक रुपमा प्राप्त गर्ने स्थानमा भर पर्दछ । प्रतिवेदन गुणस्तरीय बनाउने हाम्रो प्रयास रहनेछ ।

# गभरमेन्ट एकाउन्टाबिलिटी अफीस : अमेरिकी सर्वोच्च लेखापरीक्षण संस्था

निर्देशक श्री अशोक कुमार कार्की

GAO
Accountability ★ Integrity ★ Reliability

अमेरिकामा सरकारी क्षेत्रको अन्तिम लेखापरीक्षण ट्रेजरी एक्ट, १७८९ को आधारमा ट्रेजरी विभागले गर्दै आएको थियो । विनियोजन ऐन बमोजिम रकम निकासा दिने, लेखा राख्ने र लेखापरीक्षण समेत गर्ने जिम्मेवारी ट्रेजरी विभागमा रहेको थियो । प्रथम विश्व युद्धले अमेरिकी संघीय सरकारको वित्तीय व्यवस्थापन कमजोर भएको थियो । कंग्रेसले बजेट कार्यान्वयन र सरकारको खर्चहरुमा कानूनको पालना र प्रमाणहरुको पर्याप्तताको परीक्षण गर्न एक छुटै स्वतन्त्र निकायको आवश्यकता महशुस गरी सन् १९२१ मा बजेट तथा एकाउन्टाविलिटि एक्ट जारी गरी लेखापरीक्षण र लेखापालनको जिम्मेवारी ट्रेजरी विभाग (Treasury Department) बाट अलग गरी जनरल एकाउन्टिङ्ग अफिसको स्थापना गरियो । जनरल एकाउन्टिङ्ग अफिसको कार्यक्षेत्र र नाम बीच सामन्जस्यता ल्याउन सन् २००४ मा विधिवत रुपमा यसको नाम परिवर्तन गरी गभरमेन्ट एकाउन्टाविलिटी अफीस (जिएओ) राखियो ।

अमेरिकी कंग्रेसको लागि जिएओले अमेरिकी संघीय सरकारले जनताबाट उठाएको कर सरकारले कसरी खर्च गर्छ भनी परीक्षण गर्ने हुनाले यसलाई जनताको करको रक्षक वा "congressional watchdog," पनि भनिन्छ ।

यस कार्यालयको प्रमुखको रुपमा महालेखा नियन्त्रकको नियूक्ती अमेरिकी कंग्रेसको प्रस्तावमा १५ वर्षको लागि राट्रपतिबाट गरिन्छ । यसको मुख्य कार्यालय वाशिगंटन डि.सि मा र देशको प्रमुख ११ शहरहरुमा अन्य कार्यालयहरु रहेका छन् । जिएओमा अर्थशास्त्री, समाजशास्त्री, कानून, तथ्यांक, लेखा, सार्वजनिक नीति विश्लेषक आदि विभिन्न विधाका गरी ३००० जनशक्ति रहेका छन । कूल जनशक्तिको ७५ प्रतिशत वाशिगंटन डि.सि. र अन्य कार्यालयमा २५ प्रतिशत जनशक्ति रहेका छन् ।

जिएओलाई अमेरिकी कंग्रेसको एक अंगको रुपमा मानिन्छ । जिएओको कार्य संसदीय अनुरोध र एकाउन्टाविलिटी ऐनबाट निर्देशन भए बमोजिम हुन्छ । यस संस्थाको बजेट पनि कंग्रेसको बजेटमा समावेश गरिएको हुन्छ । यसको गन्तव्य नै समयमै गुणस्तरयुक्त सूचना उपलब्ध गराएर कंग्रेसलाई सहयोग गर्नु रहेको छ । जिएओको धेरै प्रतिवेदन संसदीय अनुरोधमा सम्पन्न गरेको परीक्षण सम्बन्धी हुन्छन् । सन् २०१६ मा यसको कार्य परिमाणको ९५ प्रतिशत अशं ससदीय अनुरोधसँग सम्बन्धित थियो । जिएओले अमेरिकी कंग्रेसको माथिल्लो र तल्लो सदनका समितिहरु, उप–समितिहरु अथवा सदस्यहरुको लिखित अनुरोधमा कार्य गर्दछ । अनुरोधकर्ताले परीक्षण गर्नु पर्ने विषयको पृष्ठभूमि, परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरु आदि उल्लेख गर्नु पर्दछ । त्यसरी प्राप्त अनुरोधलाई जिएओले



वाशिगंटन डि.सी मा रहेको गभरमेन्ट एकाउन्टाविलिटीको कार्यालय भवन

*McNamara Fears Joe Campbell More Than Nikita Khrushchev*

सन १९६३ मा अमेरिकामा *McNamara Fears Joe Campbell More Than Nikita Khrushchev* भन्ने भनाई प्रख्यात थियो । त्यस बेला अमेरिका र रुस बिच शितयुद्ध चुलिएको थियो । निकीता ख्रुस्चेभ रुसका प्रधानमन्त्री, रर्वट म्याकनम्यारा अमेरिकी रक्षा मन्त्री र जो क्याम्पवेल गभरमेन्ट एकाउन्टिगं अफिसका (जिएओ) महालेखा नियन्त्रक थिए । जिएओले अमेरिकी रक्षा मन्त्रालयको वित्तीय व्यवस्थापनमा लेखापरीक्षणलाई केन्द्रित गरी सेनाको व्यापारिक हवाई उडानहरु, मिसाइल, अग्नी नियन्त्रक ट्रक, सेनाको युनिफर्म खरिद सम्बन्धमा भएका अनियमितताहरुलाई उजागर गरेको थियो ।

**GAO Mission**

To support the Congress in meeting its constitutional responsibilities and to help improve the performance and ensure the accountability of the federal government for the benefit of the American people.

स्वीकार गरेपछि लेखापरीक्षण टोलीको गठन र लेखापरीक्षण योजना तयार गरि कार्यान्वयन गर्दछ । जिएओको कार्यक्षेत्र लेखापालन, लेखापरीक्षण, कानूनी निर्णयका सम्बन्धमा देहाय बमोजिम रहेको छ :

- कार्यकारिणी निकायहरुको लागि लेखा सिद्धान्त तथा आधारहरु निर्धारण गर्ने,
- लेखाप्रणाली विकास गर्न सहयोग गर्ने एवं लेखा प्रणाली स्वीकृत गर्ने,
- लेखाप्रणालीको समीक्षा गरी आवश्यक प्रतिवेदन गर्ने ,
- सरकारी संस्थानहरुको वित्तीय तथा नियमितताको लेखापरीक्षण गर्ने,

- कार्यकारीको कार्यसंचालनमा मितव्ययीता र कार्य दक्षताको लेखापरीक्षण गर्ने,
- सरकारी कार्यक्रमहरुको प्रभावकारीताको लेखापरीक्षण गर्ने,
- ऋण संकलन तथा दाबी असूलीका सम्बन्धमा कुनै विवाद उत्पन्न भए निर्णय दिने,
- राष्ट्रपतिले विनियोजित रकम खर्च गर्ने सम्बन्धमा प्रयोग गरेको अधिकारको मुल्याङ्कन एवं परीक्षण गर्ने आदी ।

जिएओले सामान्यतया बर्षको ९०० छुट्टा छुटै प्रतिवेदन तयार गरी अमेरिकी कंग्रेसमा पेश गर्दछ । यसको प्रतिवेदनलाई ब्लुबुक पनि भनिन्छ । यसले आफनो सबै प्रतिवेदन सार्वजनिक गर्दछ तर कंग्रेस, संसदीय समिति वा सिनेटरको अनुरोधमा सम्पन्न गरेको कामको प्रतिवेदन सम्बन्धित अनुरोधकर्तालाई पेश गरेको ३० दिन पछि मात्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यसले प्रतिवेदन सार्वजनिक गर्न पत्रकार सम्मेलन वा अमेरिकी सिनेटको प्रेस हल वा सिमित पत्रकारहरुलाई आमन्त्रण गरी प्रतिवेदनको जानकारी गराई सार्वजनिक गर्ने गरेको छ ।

जिएओ एक लामो इतिहास बोकेको संस्था हो । लेखापरीक्षणको प्रभाव र अमेरिकी सरकारको वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन यस्ले गरेका कतिपय अभ्यासहरु अन्य मुलुकका सर्वोच्च लेखापरीक्षण संस्थाका लागि अनुकरणीय छन् । नेपालको सन्दर्भमा देहायका केही प्रमुख अभ्यास अपनाएमा लेखापरीक्षणको योगदान वृद्धि हुने अपेक्षा गर्न सकिन्छ :

**१ कार्य सम्पादन मापन व्यवस्था :** जिएओले सरकारलाई पु¥याएको वित्तीय लाभ, लेखापरीक्षणको सुझाव कार्यान्वयन, सूचना प्रविधिको प्रयोग स्तर, कर्मचारीहरु धारण (Retention) अवस्था, कर्मचारीहरुको क्षमता विकास आदी क्षेत्रहरुमा १६ वटा मापन सूचक तयार गरी प्रत्येक वर्ष कार्य सम्पादन मुल्यांकन गर्ने गरेको छ । यस्तो अभ्यास हामीले पनि अपनाएमा लेखापरीक्षण कार्यलाई नतिजामुखी बनाउन मद्दत पुग्ने देखिन्छ ।

**२ संसदसँगको सम्बन्ध विकास :** जिएओको धेरै कार्य कंग्रेसको समिति, उप–समितिहरुको अनुरोधमा हुने गरेको छ । नेपालमा महालेखा परीक्षकले संविधान र लेखापरीक्षण ऐन बमोजिम गरेको कामको प्रतिवेदन संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको भएता पनि संसदबाट विशेष विषयमा परीक्षणको लागि अनुरोध हुने गरेको छैन । सरकारको वित्तीय व्यवस्थापनका सम्बन्धमा संघीय र प्रादेशिक संसदमा उठ्ने विषयहरुका उपर महालेखापरीक्षकले परीक्षण गरी सम्बन्धित संसदीय समितिहरुमा प्रतिवेदन गर्ने उपयुक्त संयन्त्रको विकास गर्न सकिन्छ । यसबाट महालेखापरीक्षकको प्रभावकारीता र कार्यालयको पेशागत दक्षतामा समेत वृद्धि हुने देखिन्छ ।

**३ सुझाव कार्यान्वयन अनुगमन व्यवस्था :** जिएओले लेखापरीक्षणले दिएको सुझावहरु कार्यान्वयको अनुगमन प्रणाली स्थापित ( Audit Recommendation Tracking System ) गरेको छ । जिएओले दिएको सुझाबहरु सम्बन्धित निकायहरुबाट सन् २०१५ मा ७९ र सन् २०१६ मा ७३ प्रतिशत कार्यान्वयन गरीएको छ । नेपालमा पनि सुझाव कार्यान्वयन अनुगमन व्यवस्था स्थापित गरिएमा लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धि हुने देखिन्छ ।

**४ उच्च जोखिम रहेका आयोजनाको सूची तयार :** जिएओले प्रत्येक २ वर्षमा अनियमितता, अव्यवस्थापन, चुहावट न्यून, कार्यदक्षता आदीको आधारमा आयोजनालाई क्रम निर्धारण गरी उच्च जोखिममा रहेको आयोजनालाई विषेश प्राथमिकता दिई लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्दछ । यस्तो असल अभ्यासलाई अपनाएमा लेखापरीक्षणले आयोजनाहरु समयमै सम्पन्न गर्न तथा कार्यदक्षता बढाउन मद्दत पुग्ने देखिन्छ ।

**५ कार्यशिल वातावरण :** जिएओले कार्यालयको कार्यशिल वातावरण, लजिष्टिक सुविधा, कर्मचारी सन्तुष्टिका सम्बन्धमा सर्वेक्षण गरी प्राप्त नतिजा समेतको आधारमा आफनो कार्यसम्पादन मापन गर्ने गरेको छ । यस्तै अभ्यास महालेखा परीक्षकको कार्यालयले अपनाएमा कार्यालय भित्र कार्यशिल वातावरण तयार गर्न सहयोग पुगी कार्य दक्षता बढ्ने देखिन्छ ।

## Audit Procedure



निर्देशक रमेश ढकाल

चुनौती सामु छन् हाम्रा, पारदर्शिता झल्काउने ।
तुलना गणना हाम्रा, सारथी हुन् चम्काउने ॥
विधिको ज्ञान चाहिन्छ, अभ्यास भरमग्दुर ।
अपेक्षा तब निस्कन्छ, प्रयोगको विधि औजार ॥

निष्कर्ष तब निस्कन्छ, कार्यविधि प्रयोगले ।
औजार Ratio एउटा, एक अर्काको सहयोगले ॥
Correlation उपाय बन्छ, Regression Tool बन्दछ ।
Z-Test Formula बन्छ, T-test बाटो खन्दछ ॥

Project को क्षमता मापन, Pay Back ले पछ्याउँछ ।
NPV को विश्लेषणले, Time Value दर्शाउँछ ।
IRR को मापनले, Rate र स्तर बताउँछ ।
Profit index परीक्षणले, दीगोपना खुलाउँछ ॥

Substantive तब हेरिन्छ, जोखिमको भार जर्जर ।
Control को Test नापिन्छ, आन्तरिक प्रश्नसागर ॥
Method अनेक हुन्छन्, सूचनाको प्रशोधन ।
विषय पहिचान गरी, गर्नुछ गति साधन ॥

उद्देश्य क्षेत्र पद्धति, विषयमा जोड्नुपर्दछ ।
Approach को छनौट गरी, तथ्यलाई गोड्नुपर्दछ ॥
Assurance तब निस्कन्छ, विधिले बाटो खन्दछ ।
कोसिस सबैको साझा, Report मुहार बन्दछ ॥

# भावपूर्ण श्रद्धाञ्जली
## एवं
## हार्दिक समवेदना



जन्म
वि.सं. १९८१
कार्तिक ५

स्वर्गारोहण:
वि.सं. २०७४
मंसीर २५

### स्व. वेदप्रसाद न्यौपाने

यस कार्यालयका निर्देशक श्री जगन्नाथ न्यौपानेका पूजनीय पिता स्व. वेदप्रसाद न्यौपानेको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौ र यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्राथना गर्दछौ ।

**महालेखा परीक्षक टंकमणि शर्मा (दंगाल)**
**तथा**
**महालेखा परीक्षकको कार्यालय परिवार**

# भावपूर्ण श्रद्धाञ्जली
## एवं
## हार्दिक समवेदना



जन्म
वि.सं. १९९३
कार्तिक ५

स्वर्गारोहण:
वि.सं. २०७४
माघ २

### स्व. देवीराम पौडेल

यस कार्यालयका निर्देशक श्री नेत्रप्रसाद पौडेलका पूजनीय पिता स्व. देवीराम पौडेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौ र यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्राथना गर्दछौ ।

**महालेखा परीक्षक टंकमणि शर्मा (दंगाल)**
**तथा**
**महालेखा परीक्षकको कार्यालय परिवार**

# भावपूर्ण श्रद्धाञ्जली
## एवं
## हार्दिक समवेदना



जन्म
वि.सं. १९८१

स्वर्गारोहण:
वि.सं. २०७४
माघ ५

### स्व. जगमाया भट्टराई

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री नन्दिराम भट्टराईकी पूजनीय माता स्व. जगमाया भट्टराईको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौ र यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्राथना गर्दछौ ।

**महालेखा परीक्षक टंकमणि शर्मा (दंगाल)**
**तथा**
**महालेखा परीक्षकको कार्यालय परिवार**

# भावपूर्ण श्रद्धाञ्जली
## एवं
## हार्दिक समवेदना



जन्म
१९८१ मघ १७

स्वर्गारोहण:
वि.सं. २०७४
माघ २८

### स्व. रामप्रसाद आचार्य

यस कार्यालयका कार्यालय सहयोगी श्री केशवनाथ आर्चायका पूजनीय पिता स्व. रामप्रसाद आचार्य असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौ र यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्राथना गर्दछौ ।

**महालेखा परीक्षक टंकमणि शर्मा (दंगाल)**
**तथा**
**महालेखा परीक्षकको कार्यालय परिवार**

## २०७४ पौष, माघ र फागुन महिनामा भएका वैदेशिक तालिम तथा कार्यक्रममा सहभागी कर्मचारीहरु

| सि.नं | कर्मचारीको नाम | पद | कार्याक्रमको नाम | देश | अवधि |
|---|---|---|---|---|---|
| १ | श्री मोहदत्त तिमिल्सिना | उप-महालेखापरीक्षक | Seminar on Environmental Auditing of ASOSAI WGEA | थाईल्याण्ड | Jan. 29-30, 2018 |
| २ | श्री बाबुराम गौतम | उप-महालेखापरीक्षक | ICAN MOU Agreement | अस्ट्रेलिया | Mar. 5- 9 , 2018 |
| ३ | श्री राममाया कुवर | नायव-महालेखापरीक्षक | 5th Integerity Seminar | हंगेरी | Mar. 5- 9 , 2018 |
| ४ | श्री दामोदर पुडाशैनी | नायव-महालेखापरीक्षक | Performance Audit work shop | नर्वे | Mar. 13- 16 , 2018 |
| ५ | श्री कृष्णप्रसाद पौडेल | निर्देशक | SARRC Regional Centre Audit | बंगलादेश | Feb. 21-26, 2018 |
| ६ | श्री ताराप्रसाद घिमिरे | निर्देशक | Seminar on Environmental Auditing of ASOSAI WGEA | थाईल्याण्ड | Jan. 29-30, 2018 |
| ७ | श्री ध्रुवराज भुसाल | निर्देशक | Performance Audit Training | पाकिस्तान | २६ दिन |
| ८ | श्री मोहनकुमार पराजुली | निर्देशक | SARRC Regional Centre Audit | श्रीलंका | Feb. 27- March 2, 2018 |
| ९ | श्री रमेशबाबु केसी | निर्देशक | Performance Audit workshop | नर्वे | Mar. 13- 16 , 2018 |
| १० | श्री रामप्रसाद उपाध्याय | निर्देशक | Auditing SDGs Progamme Audit Plann Meeting | भारत | Dec. 4 – 8, 2017 |
| ११ | श्री तोयानारायण पौडेल | लेखापरीक्षण अधिकारी | Performance Audit Training | पाकिस्तान | २६ दिन |
| १२ | श्री दुर्गाप्रसाद पन्थी | लेखापरीक्षण अधिकारी | Auditing SDGs Progamme Audit Plann Meeting | भारत | Dec. 4 – 8, 2017 |
| १३ | श्री गीता भट्टराई | लेखापरीक्षण अधिकारी | Environmental Audit Training, ICISA | भारत | Feb. 12- Mar. 9 , 2018 |
| १४ | श्री जितेन्द्र श्रेष्ठ | लेखापरीक्षण अधिकारी | Performance Audit workshop | नर्वे | Mar. 13- 16 , 2018 |
| १५ | श्री पिंकी कुमारी दास | लेखापरीक्षण अधिकारी | Auditing SDGs Progamme Audit Plann Meeting | भारत | Dec. 4 – 8, 2017 |

## कार्यालयबाट २०७४ पौष, माघ र फागुन महिनामा अवकाश भएका कर्मचारीहरु

| सि.नं | पद | कर्मचारीको नाम | शुरु नियूक्ति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | निर्देशक | श्री मात्रिका प्रसाद घिमिरे | २०४५/०३/२८ | २०७४/११/०१ |
| २ | कार्यालय सहयोगी | श्री धर्मबहादुर श्रेष्ठ | २०४५/०३/०१ | २०७४/१०/०२ |

## कार्यालयबाट २०७४ पौष, माघ र फागुन महिनामा बढुवा भएका कर्मचारीहरु

| सि.नं | साविकको पद | हालको पद | कर्मचारीको नाम | बढुवा मिति |
|---|---|---|---|---|
| १ | निर्देशक | नायव महालेखापरीक्षक | श्री विवेकानन्द घिमिरे | २०७४/१०/०१ |
| २ | निर्देशक | नायव महालेखापरीक्षक | श्री दामोदर पुडासैनी | २०७४/१०/०८ |
| ३ | लेखापरीक्षण अधिकारी | निर्देशक | श्री ताराकुमार सुवेदी | २०७४/११/११ |
| ४ | लेखापरीक्षण अधिकारी | निर्देशक | श्री प्रद्युम्न न्यौपाने | २०७४/११/११ |
| ५ | लेखापरीक्षण अधिकारी | निर्देशक | श्री कृष्ण प्रसाद शर्मा | २०७४/११/११ |

## कार्यालयमा २०७४ पौष, माघ र फागुन महिनामा नयाँ नियुक्ती भएका कर्मचारीहरु

| सि.नं | पद | कर्मचारीको नाम | शुरु नियूक्ति |
|---|---|---|---|
| १ | लेखापरीक्षण अधीक्षक | श्री राधा खराल | २०७४/१०/२३ |
| २ | लेखापरीक्षण अधीक्षक | श्री एलिशन बन्जाडे | २०७४/१०/२३ |

## कार्यालयबाट २०७४ पौष, माघ र फागुन महिनामा रमाना भई जाने कर्मचारी

| सि.नं | पद | कर्मचारीको नाम | रमाना भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | लेखापरीक्षण अधीक्षक | श्री लोकमणि पाण्डे | २०७४/११/०८ | शाखा अधिकृत सिफारिस |